आजमिति २०७५ सालकार्त्तिक १८गते आईतबारका दिन यस तीनपाटन गाउँपालिकाकाअध्यक्षश्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको नियमित बैठकमातपशीलका प्रस्तावमाथि छलफल गरियो ।

## उपस्थिती

श्री कर्ण बहादुर मगर- तीनपाटन गाउँपालिकाअध्यक्ष

श्री पदममायातामाङ-उपाध्यक्ष/गाउँ सभा सदस्य

श्री राजनथापा- प्रमुखप्रशासकीयअधिकृत

श्री गोविन्द राउत-गाउँ सभा सदस्य

श्री हेमबहादुर श्रेष्ठ-गाउँ सभा सदस्य

श्री लालबहादुर स्याङतान-गाउँ सभा सदस्य

श्री खडग बहादुर भुजेल-गाउँ सभा सदस्य

श्री दिनेशकुमार रमौली-गाउँ सभा सदस्य

श्री बीर बहादुर पुलामी-गाउँ सभा सदस्य

श्री कोमलबहादुर खपाङ्गी-गाउँ सभा सदस्य

श्री रेखराजअधिकारी-गाउँ सभा सदस्य

श्री शेर बहादुर मगर-गाउँ सभा सदस्य

श्री पुण्यहरि भुजेल-गाउँ सभा सदस्य

श्री हितलालश्रेष्ठ-गाउँ सभा सदस्य

श्री दुधकुमारी ठकुरी-गाउँ सभा सदस्य

श्री जगदिश्वर तोलाँङ्गी-गाउँ सभा सदस्य

श्री गीतामायाथापा-गाउँ सभा सदस्य

श्री देवमायाश्रेष्ठ-गाउँ सभा सदस्य

श्री भगवतीश्रेष्ठ-गाउँ सभा सदस्य

·श्री टेकबहादुर परियार-गाउँ सभा सदस्य

श्री तारानाथअधिकारी- कार्यालय सहयोगी

श्री चन्द्रिकाथापा मगर- कार्यालय सहयोगी

**प्रस्तावहरु:**

१.वडा कार्यालयको खर्चको सीमा सम्बन्धमा ।

२. घर नक्सा-पास कार्यविधिमाथि छलफल सम्बन्धमा ।

३. भुकम्पलाभग्राहीको खाता स्थानीय बैंकबाट सञ्चालनकालागि सम्बन्धितसम्बन्धमा ।

४. विभिन्नयोजनातथा सडकको DPRनिर्माण सम्बन्धमा ।

५. तीनपाटन गाउँपालिकाभित्रको सडक गुरुयोजनानिर्माण सम्बन्धमा ।

६. गाउँपालिकाको प्रोफाईल निर्माणको लागिकार्यदल गठन सम्बन्धमा ।

७. मेलमिलाप समितिको फिर्ता चेक सम्बन्धमा ।

८. न्यायिक समितिको सचिवालयको लागिकार्यालय सहयोगी सेवा करारमा लिने सम्बन्धमा ।

९.सूचनाप्रकाशन सम्बन्धमा.।

**निर्णयहरु:**

प्रस्ताव नं. १ माथि छलफल गर्दा,यस गाउँपालिकाअर्न्तगतरहेका वडा कार्याहरुको खर्चलाई एकरुपता र व्यवस्थित गर्नका लागितपशीलबमोजिमको शीर्षकमा एक चौमासिककालागिखर्चको सीमाउपलब्ध गराउने निर्णय गरियो ।

**तपशील**

| सि.न. | खर्च शीर्षक नं. | खर्च शीर्षक | चौमासिक सीमा रकम |
|---|---|---|---|
| १. | २१११९ | अन्यभत्ता (बैठक भत्ता) | ८४०००/- |
| २. | २२११२ | सञ्चार | ३२००/- |
| ३. | २२२११ | ईन्धन | ७५००/- |
| ४. | २२२१२ | सञ्चालनतथा मर्मत खर्च | १०,०००/- |
| ५. | २२३११ | कार्यालय सञ्चालन | १०,०००/- |
| ६. | २२७११ | विविध | २०,०००/- |
| ७. | २२६११ | अनुगमनतथामुल्याङ्कन खर्च | १५,०००/- |

प्रस्ताव नं. २ माथि छलफल गर्दा, तीनपाटन गाउँपालिकाको विधेयक समितिले मिति २०७५ कार्त्तिक १० गते पास गरी गाउँकार्यपालिकाको बैठकमा अनुमोदनकालागि पेश गरेकोमा तीनपाटन

गाउँपालिकाको वस्ति विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७५ उपस्थित गाउँ कार्यपालिकाको सदस्यबाट सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा, भुकम्प लाभग्राहीले पुर्ननिर्माण बापत पाउने विभिन्न किस्ताको रकमका लागि सिन्धुली जिल्लाको सदरमुकाम सिन्धुलीमाढी स्थित बैंकहरुबाट हुँदै आएकोमा यस गाउँपालिकाको वडा नं. १, २, र ३ बाहेकका बाँकी वडाहरुको रकम भुक्तानीका लागि तीनपाटन गाउँपालिकाको केन्द्र चकमके स्थित बैंक अफ काठमाण्डुबाट उपलब्ध गराउन सम्बन्धित निकायलाई पत्र मार्फत् आग्रह गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा, तीनपाटन गाउँपालिका भित्रको तपशीलका योजनाहरुको विस्तृत अध्ययन प्रतिवेदन, DPR बनाउनका लागि कन्टिनजेन्सी रकमबाट खर्च हुने गरी गाउँपालिकाको प्रशासनलाई निर्देशन दिने निर्णय गरियो ।

१) गाउँपालिका भवन निर्माणको सम्भाव्यता र विकल्पको अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण ( IEE) तथा गाउँपालिका भवनको DPR निर्माण

१) चकमके-लाम्पनटार लगायत वृहत् सहरी विकास DPR निर्माण

२) चदाहा करिडोर DPR निर्माण

३) जिर्गाहा खोला-चकमके, चकमके-जिनाखु DPR निर्माण

प्रस्ताव नं. ५ माथि छलफल गर्दा, तीनपाटन गाउँपालिकाको सडकको उपयोगिता, महत्व र रणनीतिक प्रयोगका लागि यस गाउँपालिका भरिको सडकको गुरुयोजनाका लागि कन्टिनजेन्सी रकमबाट खर्च हुने गरी आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा, यस गाउँपालिकाको चालु आ.व. २०७५/०७६ को गाउँपालिका स्तरीय बजेटको सि.नं १० मा उल्लेख गाउँपालिकाको प्रोफाईल निर्माणका लागि तपशीलको कार्यदल गठन गरी ९० दिनभित्र प्रतिवेदन पेश गर्न कार्य जिम्मेवारी दिने निर्णय गरियो ।

तपशील

संरक्षक:
कर्ण बहादुर मगर- अध्यक्ष
पदम मायाँ तामाङ- उपाध्यक्ष

कार्यदल
राजन थापा- संयोजक
हरि बहादुर खपाङ्गी मगर- सदस्य
लिला रमौली- सदस्य

प्रस्ताव नं. ७माथि छलफल गर्दा, यस गाउँपालिकाको ५ नं. वडा स्थित वडा स्तरीय मेलमिलाप केन्द्रको गतआर्थिक वर्ष २०७४/०७५ मा जारी भएको चेक विविध कारणवश साट्न नसकिएको निवेदनप्राप्तभएकोले जारी भएको चेक बमोजिमको रकमचालु आर्थिक वर्षको विविधशीर्षकबाट रकमनिकासादिने निर्णय गरियो ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा, यस गाउँपालिकाको न्यायिक समितिको सचिवालयमापत्र लैजान, ल्याउनकालागि सहजताकालागि एक जनाकार्यालय सहयोगीकानूनीप्रक्रिया पुरा गरी सेवा करारमा लिने निर्णय गरियो ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा, यस गाउँपालिकाको वडा नं. ११ को चकमके हाट तथाबजार व्यवस्थानकालागिहालबजार क्षेत्रमालाग्दै आएको हाट बजारलाई बजारबाट निकाल्दै हाल सो बजारको दक्षिण पश्चिम क्षेत्रमाबंगुर पालनगर्दै आएकोमा सो हटाई सो स्थानमानियमित रुपमालाग्दै आएको हाट बजार व्यवस्थान गर्ने र सोका लागि सूचनाप्रकाशन गर्ने र यस गाउँपालिकाभित्रको विभिन्न क्षेत्रमा सडकको छेउछाउ बाटोघाटोलाई नै असर पर्ने गरी घरघडेरी निर्माणभएको पाईएकोले सो कार्यलाई तत्काल रोक्नकालागिआवश्यक सूचनाप्रकाशनगर्ने निर्णय गरियो ।